दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३४ | बुटवल | २०८१ माघ १५, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Jan 28 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## रवि पुगे उच्च अदालत



बुटवल । सूर्यदर्शन सहकारी ठगी प्रकरणमा ६५ लाख धरौटी माग्ने जिल्ला अदालत कास्कीविरुद्ध रवि लामिछाने उच्च अदालत पुगेका छन् । उनले सहकारी ठगीमा आफू नभई गितेन्द्रबाबु राई भएको दाबी गर्दै उच्च अदालतमा निवेदन दिएका छन् ।

कास्कीबाट धरौटी माग भएपछि अन्य जिल्लामा रहेको सहकारी ठगी प्रकरणमा पनि ठूलो रकम धरौटी माग गरिएपछि रविले सामान्य तारिखमा मुद्दाको पुर्पक्ष गराउन माग गर्दै सोमबार उच्च अदालत पोखरामा निवेदन दिएका हुन् ।

धरौटी माग गर्ने जिल्लाको आदेश नै त्रुटिपूर्ण रहेको दाबी रविले गरेका छन् । २ कात्तिकमा काठमाडौंबाट पक्राउ गरी ४ कात्तिकमा जिल्ला अदालत कास्कीमा उपस्थित गराइएका रविलाई सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा करिब २८ करोड रुपैयाँ बिगो माग दाबी गर्दै अभियोजन दर्ता भएकोमा न्यायाधीश नीतिज राईको इजलासले २५ पुसमा ६५ लाख रुपैयाँ धरौटी मागेको थियो ।सहकारीबाट ऋण लिन आफू उपस्थित नभएको, आवेदन नगरेको, आफ्नो खातामा जम्मा नगरेको र कुनै प्रकारको संलग्नता नरहेको पुष्टि हुँदा आफूउपरको अभियोग खण्डित भएको रविले उच्चमा दिएको निवेदनमा उल्लेख छ ।

६५ लाख रुपैयाँ धरौटी लिने गरी भएको आदेशमा गोर्खा मिडिया नेटवर्क प्रालि कम्पनीमा एकल हस्ताक्षर गरी ८१४ वटा चेक काटेर कारोबार गरेको भन्ने बुँदा लगाएकोप्रति पनि उनले प्रश्न उठाएका छन् । विनिमय अधिकार पत्र ऐन २०३४ को दफा १२ वर्णित व्यवस्थाको आधारमा कम्पनीको हितमा असल नियतले गर्नुपर्ने कम्पनी कानुनको सिद्धान्त र प्रावधानले निर्दिष्ट गरेको कर्तव्य र दायित्वभित्रको काममात्र गरेको उनको दाबी छ ।

चेकमा हस्ताक्षर गर्ने कार्य फौजदारी कसुरको दायराभित्र पर्न सक्छ भन्ने अनुमान गर्न नमिल्ने हुँदा सुरु आदेश त्रुटिपूर्ण रहेको भन्दै उनले बदर गर्न माग गरेका छन् ।अदालतको धरौटी माग गर्ने आदेश कानुनसम्मत नभएकोले सो आदेश बदर हुनुपर्ने रविको तर्क छ । सूर्यदर्शन सहकारीको रकम जीबीको नाममा २ करोड रुपैयाँ गएको र त्यहीमध्येबाट ७५ लाख रुपैयाँ चेकमार्फत् रविको नाममा जम्मा भई गोर्खा मिडिया नेटवर्कको खातामा जम्मा गरेको देखिएको भनि धरौटी माग गर्ने आदेशप्रति पनि रविले असहमति जनाएका छन् ।जीबी राई र छविलाल जोशीबाहेकका अन्य प्रतिवादीसँगको कुनै अन्तरसम्बन्ध स्थापित नभएको भन्दै रविले टेलिभिजनमा आफूले कार्यक्रम सिर्जना गर्ने र सञ्चालन गर्ने जिम्मेवारीमा रहेको पुरानै तर्क दोहोऱ्याएका छन् ।

गोर्खा मिडिया नेटवर्क प्रालिमा प्रवेश गर्दा कुनै लगानी नगरेको र गोर्खा मिडिया नेटवर्कबाट बाहिरिँदा कुनै प्रकारको रकम पनि नलिएको उनको दाबी छ ।

### ट्रम्प नीतिको नेपालमा प्रभाव

# अमेरिकी सहयोगका परियोजनाको काम स्थगित




**लुम्बिनी संवाददाता**

*बुटवल*

अमेरिकाले नेपाललाई दिँदै आएको सहयोग रोकेपछि अर्थमन्त्रालयले अमेरिकी सहयोगमा अघि बढेका परियोजनाको काम रोक्न पत्राचार गरेको छ । अमेरिकी दातृ निकाय यूएसएडको अनुदानमा सञ्चालन भइरहेको ४ वटा आयोजनाको काम रोक्दै थप दायित्व सिर्जना नगर्न अर्थ मन्त्रालयले पत्राचार गरेको हो ।

यूएसएड र नेपाल सरकारबिच सन २०२२ मे ५ मा हस्ताक्षर भएको डेभलपमेन्ट अब्जेक्टिभ एग्रिमेन्टबाट सञ्चालन भएको ४ वटा आयोजना रोकिएको हो । यूएसएड स्वास्थ्य, यूएसएड कृषि, यूएसएड शिक्षा र यूएसएड समावेशी नीतिसम्बन्धी प्रत्यक्ष वित्तीयकरण परियोजनाका लागि दिइएको अनुदान रोकिएको हो ।

डोनाल्ड ट्रम्प नयाँ राष्ट्रपति आएलगत्तै अमेरिकाले दिने अनुदान विश्वभर कटौती गरिएको छ । अमेरिकी राष्ट्रपतिमा ट्रम्पले कार्यभार सम्हालेसँगै जारी गरेको कार्यकारी आदेशको प्रभावस्वरुप अमेरिकी सहयोग नियोग युएसएडमार्फत् प्रदान हुँदै आएको सहयोग रोकिएको अर्थमन्त्रालयले पुष्टि गरेको छ । अर्थ मन्त्रालयले सोमबार विज्ञप्ति जारी गर्दै यस्तो सहयोग रोकिएको जानकारी दिएको हो ।

२०२२ मे ५ मा यूएसएड र नेपाल सरकारबिच सम्झौता भई डेभलपमेन्ट अब्जेक्टिभ एग्रिमेन्ट (डीओएजी) मार्फत् नेपाललाई प्राप्त भएको अनुदान सहायतामध्ये बजेट प्रणालीमार्फत् सर्वसञ्चित कोषबाट भुक्तानी हुने प्रकृतिका चारवटा आयोजनाको सहयोग रोकिएको मन्त्रालयका प्रवक्ता महेश भट्टराईले जानकारी दिए ।

यूएसएले ती अनुदान सहयोग ९० दिनका लागि स्थगित गरेको पत्र पठाएको जानकारी प्रवक्ता भट्टराईले दिए । यो पत्रसँगै यो अवधिसम्म यूएसएड श्रोततर्फ कुनै दायित्व सृजना गर्ने कार्य नगर्न सम्बन्धित सबै सम्बद्ध निकायहरूलाई जानकारी गराइएको समेत मन्त्रालयले जनाएको छ ।

**एमसीसीका परियोजना नरोकिने**

अमेरिका सरकारको पछिल्लो निर्णयले एमसीसीका परियोजना प्रभावित नहुने भएका छन् । राष्ट्रपति ट्रम्पको कार्यकारी आदेशअनुसार अमेरिकी विदेशमन्त्री मार्को रुबिगोले विदेश मन्त्रालय र अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोग युएसएडले वा उनीहरुको मा(ध्यमबाट लगानी भएका अमेरिकी सहयोग तीन महिनाका लागि रोक्ने निर्णय गरेका थिए । अमेरिकाको वैदेशिक सहायताको पुनर्मूल्याङ्कन र पुनर्योजनसम्बन्धी राष्ट्रपति ट्रम्पको कार्यकारी आदेशअनुसार विदेशमन्त्री रूबियोले वैदेशिक सहायता कार्यक्रमहरुको समीक्षा सुरु गरेको विदेश मन्त्रालयले जनाएको छ । यस्ता कार्यक्रमहरुलाई प्रभावकारी बनाउनुका साथै अमेरिका पहिलो एजेण्डाअन्तर्गतको अमेरिकी विदेश नीतिसँग मेल खाने बनाउनका लागि यस्तो गरेको बताइएको छ । विदेश मन्त्रीले गरेका निर्णयमा एमसीसी नपरेकाले यो निकायअन्तर्गत विश्वभरी भएका लगानीहरु प्रभावित नहुने भएका हुन् । विश्वका सबैभन्दा गरिब मुलुकहरुलाई सहयोग गर्न सन् २००४ मा अमेरिकी कंग्रेसले स्थापना गरेको एमसीसीले ती मुलुकहरुको प्रजातान्त्रिक शासन, आर्थिक स्वतन्त्रता र जनतामा लगानी गर्ने गर्दछ ।

नेपालमा एमसीसीले प्रसारण लाइन निर्माण एंव सडक सुधारमा ५५ करोड अमेरिकी डलर ७५ अर्ब ३५ करोड डलर अनुदान दिँदैछ । सन् २०१७ मा एमसीसीले ५० करोड डलर प्रदान गर्ने सम्झौता गरेकोमा हालै थप ५ करोड प्रदान गर्ने गरी अमेरिकी कंग्रेसले पारित गरेको थियो । प्रसारण लाइनका लागि बजेट नपुगेपछि एमसीसीले अनुदान थप गरेको हो । एमसीसीको अनुदानका अतिरिक्त नेपाल सरकारले यही परियोजनामा १९ करोड ५० लाख अमेरिकी डलर लगानी गर्दैछ ।

# ‘सिमेन्टको मूल्य नघटे आन्दोलनको विकल्प छैन’

» ***सिमेन्टको मूल्यवृद्धिपछि तपाईंहरु ज्यादै असन्तुष्ट हुनुहुन्छ, सरकारविरुद्ध आन्दोलनको कुरा उठाउँदै हुनुहुन्छ ?***

निर्माण व्यवसायीले निश्चित मूल्य तोकेर ठेक्का लिएका हुन्छन् । निश्चित सीमामा ठेक्का लिएका व्यवसायीले अहिलेको सिमेन्टको मूल्यवृद्धि थेग्न गाह्रो भयो । मूल्यवृद्धि निश्चित प्रतिशत भएको भए व्यवसायीले परेको अप्ठारोलाई सहन सक्थे । अहिले जुन ढंगले मूल्यवृद्धि भयो, यो सहन सक्ने स्थिति छैन । निर्माण व्यवसायी ठेक्काको काम पूरा गर्न सक्ने अवस्थामा छैनन् ।

अहिले सिमेन्टको मूल्यवृद्धि एक्कासी ह्वात्तै बढ्यो । सिमेन्ट उद्योगीबिच कार्टेलिङ भयो । दुई सातामा एक बोरा सिमेन्टको मूल्य ३०० रुपैयाँ बढ्यो । प्रति बोरा ५ सय रुपैयाँको सिमेन्टको मूल्य ८ सय रुपैयाँसम्म पुगेको छ । मूल्यवृद्धि भएपछि काम रोक्नुपर्ने बाध्यता छ । निर्माण व्यवसायीले अहिले काम रोकेका छन् । एक महिना निर्माण व्यवसायी काम रोकेर आन्दोलनमा गए के हुन्छ ? सरकारले यसतर्फ ध्यान दिएको छैन । यो बेला निर्माणको काम गर्ने याम हो । पूर्वाधार निर्माणको काम गर्ने बेला व्यवसायी सडकमा जानुपर्ने बाध्यता आएको छ ।

» ***सरकार गैरजिम्मेवार भएको हो ?***

मुलुकमा चुलिएको आर्थिक संकट समाधान गर्न प्रधानमन्त्रीले जुन पहलकदमी लिनु भएको छ, त्यो प्रशंसनीय छ । अर्थमन्त्रीले चाल्नु भएका कदम पनि सकारात्मक नै छन् । मुलुकको आर्थिक गतिविधि चलायमान बनाउन सरकारले चालेका कदमले अहिले निजी क्षेत्र उत्साहित भएको छ । मुलुकको आर्थिक संकट समाधान गर्न के-के गर्नुपर्छ भन्ने बारेमा कार्यदल बनाएर काम भएको छ । नीतिगत र कानुनमा सुधार गर्न अध्यादेश ल्याइएको छ । यसले व्यवसायीलाई उत्साहित बनाएको छ । तर सिमेन्ट उद्योगीले गरेको कार्टेलिङलाई नियन्त्रण गर्न सरकारले सकेन् वा बेवास्ता गऱ्यो ।



» *जविन कक्षपति (महासचिव) नेपाल निर्माण उद्योग परिषद् लुम्बिनी प्रदेश समिति*

यसबारेमा संसदको सार्वजनिक लेखा समितिमा सांसदहरुले कुराहरु उठाउनु भएको छ । कार्टेलिङ गरेर व्यवसायीले मूल्यवृद्धि गराए भन्ने उहाँहरुको निष्कर्ष स्वाभाविकै हो । नेपाल निर्माण व्यवसायी महासंघ, सिमेन्ट उत्पादक संघ र उद्योग मन्त्रालयका अधिकारीहरु बसेर गरेको सहमति कार्यान्वयन भएन् । सरकारले सहमति पालना गर्न र गराउन सक्दैन भने अरु के सक्छ ?

» ***मूल्यवृद्धि यथावत रह्यो भने तपाईंहरु के गर्नुहुन्छ ?***

हामी काम बन्द गरेर सडकमा आउनुको विकल्प छैन । अहिले ठूला निर्माण व्यवसायी आत्महत्या गर्नुपर्ने अवस्थामा पुगेका छन् । एउटा दररेटमा ठेक्का लिएर काम गरिरहेको बेला चर्को मूल्यवृद्धि भएपछि टाट पल्टने अवस्था आयो । भएको सबै सम्पत्ति सकिने अवस्था आयो ।

डण्डीको भाउ बढ्दै छ । जालीको भाउ बढ्दैछ । सबै भाउ बढेपछि निर्माण व्यवसायीले कसरी काम गर्न सक्छन् ? बजारमा मन्दी छ । बैंकको ब्याज तिर्न हम्मेहम्मे परेको छ ।

संयुक्त निर्माण व्यवसायी संघले विज्ञप्ति निकालेर विरोध गरेको छ । सरकारले मूल्यवृद्धि घटाउन पहल गर्छ र सरकारले गरेको पहल निष्कर्षमा पुग्छ भन्ने विश्वास अझैं छ । तर मूल्यवृद्धि फिर्ता भएन भने निर्माण व्यवसायीको एउटा मात्रै विकल्प भनेको आन्दोलनमा जानु हो ।

» ***तपाईंहरु गुणस्तरीय काम गर्नुहुन्न, सरकारसँग गुनासो मात्रै गर्नुहुन्छ भन्ने छ नि ?***

कतिपय व्यवसायीले गरेका कमजोरीलाई लिएर सबै व्यवसायीले कमजोरी गर्छन् भनेर निष्कर्ष निकाल्नु हुन्न । हामी जायज विषयमा सरकारसँग गुनासो गर्छौं । सरकार हाम्रो अभिभावक हो, हामीले गुनासो गर्ने सरकारसँग नै हो । सरकारले लिने नीति नियम र कार्यान्वयनले निर्माणको काम प्रभावित हुन्छ । निर्माण व्यवसायीसँग सहकार्य गरेर अघि बढ्ने वातावरण सरकारले तयार गऱ्यो भने पुँजीगत खर्च राम्रो हुनेछ, त्यसले मुलुकलाई फाइदा हुने हो ।

अहिले पुँजीगत खर्च राम्रो हुन सकिरहेको छैन । लुम्बिनी प्रदेशको पुँजीगत खर्च १६ प्रतिशत हाराहारी भएको छ भनिएको छ । संघीय सरकारको २२ प्रतिशतको हाराहारीमा भएको छ । आर्थिक वर्षको ६ महिना बितिसक्यो । पुँजीगत खर्च ७०.८० प्रतिशत कसरी पुऱ्याउन सकिन्छ ?

» ***निर्माण व्यवसाय क्षेत्रका बेथिति कसरी हटाउने ?***

निर्माण क्षेत्रमा पनि बेथिति छन् । अरु क्षेत्र झैं यहाँ सबै राम्रा वा सबै नराम्रा भन्ने होइन् । कतिपय नियत नराख्दा नराख्दै काम गर्दा फसेका छन्, कतिपयले नियत राखेर काम गरे । तर अहिले निर्माण व्यवसाय क्षेत्रमा सुधार आएको छ । एउटा निर्माण कम्पनीले अहिले पाँच वटाभन्दा बढी ठेक्का हाल्न पाउन्न । अहिले सीमित काम पाउने भएकाले ओगटेर बस्ने काम नगर्ने प्रवृत्ति हटेको छ । हामीले काम नगरे धरौटी जफत हुन्छ । कालो सूचीमा पर्ने भएकाले काम गर्नैपर्ने बाध्यता छ ।

काम गर्ने, तर भुक्तानी नपाउने समस्या छ । सरकारले भुक्तानी नदिएर हामीलाई समस्या परेको छ ।

» ***गरेको कामको लामो समयदेखि भुक्तानी नपाएको समस्या समाधान भएन र ?***

काम सम्पन्न भएको एक महिनापछि भुक्तानी दिने व्यवस्था हुने हो भने व्यवसायीलाई धेरै सहज हुन्थ्यो । तर काम सम्पन्न भएको लामो समयदेखि भुक्तानी नहुँदा निर्माण व्यवसायी मारमा छन् । मजदुरले ज्याला पाउन सकेनन् ।

» *बाँकी ३ पेजमा*

रूरूक्षेत्र गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- आफ्नो नगर एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

अनुरोधक :

लक्ष्मण पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

मीना देवी गौतम
उपाध्यक्ष

यदु ज्ञवाली
अध्यक्ष

रूरूक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेटक्सार, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# आत्मनिर्भर बन्ने बाटो

अमेरिकाले वैदेशिक अनुदान रोक लगाएपछि त्यसको असर नेपाललाई पनि परेको छ । अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्पले कार्यभार सम्हालेसँगै जारी गरेको कार्यकारी आदेशको प्रभावस्वरुप अमेरिकी सहयोग नियोग युएसएडमार्फत् प्रदान हुँदै आएको सहयोग रोकिएको हो ।

अमेरिकाले नेपालमा गर्ने सहयोग विभिन्न ढंगले गर्दै आएको छ । सरकारी निकाय, गैरसरकारी निकाय र सरकारको बजेट प्रणालीमै राखेर सहयोग हुँदै आएको छ । बजेट प्रणालीमै राखेर भएको सहयोग रोकिंदा त्यसको सिधैँ असर बजेटमा परेको छ । सहयोग रोकिंदा अब स्रोतमा समस्या पर्नेछ । २०२२ मे ५ मा यूएसएड र नेपाल सरकारबिच सम्झौता भई डेभलपमेन्ट अब्जेक्टिभ एग्रिमेन्ट (डीओएजी) मार्फत् नेपाललाई प्राप्त भएको अनुदान सहायतामध्ये बजेट प्रणालीमार्फत् सर्वसञ्चित कोषबाट भुक्तानी हुने प्रकृतिका चारवटा आयोजनाको सहयोग रोकिएको अर्थमन्त्रालयका अधिकारीहरुले जानकारी दिएका छन् ।

सरकार फेरिएपछि सरकारका नीति र योजना कतिपय फेरिन्छन्, त्यो स्वाभाविकै हो । अमेरिकामा ट्रम्प राष्ट्रपतिमा चुनिएपछि वैदेशिक सहयोग अनुदान स्थगित गर्ने निर्णयले नेपाल जस्ता विकासउन्मूख मुलुक प्रभावित भएका छन्, यद्यपी यो सहयोग स्थगित ९० दिनलाई भनिएको छ । त्यसपछि सहयोग यथावत रहन्छ वा रहँदैन् भन्ने निश्चित छैन । अहिलेसम्मको मूल्याङ्कन गरी यथावत राख्ने कि नराख्ने भन्ने निर्णय हुने बताइएको छ ।

नेपाल अहिले संकटमा छ । आर्थिक मन्दीको असर चौतर्फी देखिएको छ । उद्योगी व्यवसायीदेखि सर्वसाधारणमा निराशा बढेको छ । आम्दानीको बाटो साँघुरो बन्दै जाँदा सर्वसाधारणको दैनिकी कठिन बनिरहेको छ । सरकारको मुख्य आम्दानीको स्रोत भन्सार राजस्व रहेकोमा भन्सार राजस्व अपेक्षित संकलन हुन सकेको छैन ।

बजारमा उपभोक्ताको क्रय क्षमता ह्रास हुँदा आयातमा संकुचन आएको छ, त्यसैले भन्सार राजस्व अपेक्षित उठ्न नसकेको हो । राजस्व उठ्न नसक्दा विकास बजेट प्रभावित भएको छ । निर्माण व्यवसायीले विकास आयोजनाको काम गरेको भुक्तानी पाउन नसक्दा समस्या भएको छ । यही बेला नेपालको ठूलो दाता मुलुक अमेरिकाको नीतिको असर देशको बजेट प्रणालीमा परेको छ ।

अब मुलुकमा उत्पादन बढाउने र रोजगारी श्रृजना गर्ने बाटोमा लाग्ने यो राम्रो अवसर हो ।

कसैको आशमा बसेर मुलुकलाई परनिर्भर बनाउनुभन्दा आत्मनिर्भर मुलुक बनाउने बाटोमा अब हाम्रो अर्थनीति तय हुनुपर्छ । अमेरिकी नीतिले ल्याउने समस्यालाई अवसरको रुपमा सदुपयोग गरौँ ।

# बुद्ध टिभिले मनायो साधारणसभा



बुटवल । शान्तिका लागि सञ्चार अभियानद्वारा सञ्चालित बुद्ध सामुदायिक टेलिभिजनको १५औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । सोमबार भएको साधारणसभाको उद्घाटन गर्दै बुटवल उप-महानगरपालिका मेयर खेलराज पाण्डेयले बुटवलमा सञ्चारग्राम स्थापना गरेरै छाड्ने जिकिर गरेका छन् । मिडिया हाउसमा काम गर्ने सञ्चारकर्मीहरुको संरक्षणको लागि बुटवलमा मिडिया ग्रामको स्थापना आवश्यकता रहेको बताउँदै उनले यसमा सहयोग गर्नको लागि आग्रह गरेका छन् ।

नगरप्रमुख पाण्डेयले बुटवलमा सञ्चारग्रामको आवश्यकता रहेकोमा जोड दिए । बुद्ध सामुदायिक टेलिभिजनका वरिष्ठ सल्लाहकार समेत रहेका उनले सञ्चार जगतमा आर्थिक समस्या रहेको अवस्थामा स्थानीय तहले सहयोगी भूमिका खेल्दै आएको उनले बताए ।

टेलिभिजनका अध्यक्ष ओम ज्ञवालीले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै टेलिभिजन अहिले देशभर प्रशारण भइरहेको जानकारी गराउँदै सञ्चार र उपकरणमा आधुनिक बनाउँदै ल्यैजानु पर्नेमा जोड दिए । टेलिभिजन देशभर प्रशारण भए पनि लुम्बिनी प्रदेशलाई केन्द्रमा राखेर समाचार र कार्यक्रम उत्पादन गर्दै आएको उनले बताए । टेलिभिजनले भाषा, संस्कृतिको संरक्षणको लागि विभिन्न भाषाहरुबाट कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी गराए । समुदायबाट सञ्चालित बुद्ध सामुदायिक टेलिभिजनले आवाजविहीन जनताको आवाज बन्दै गएको उल्लेख गरे ।

कार्यक्रममा टेलिभिजनका कानुनी सल्लाहकार प्रध्यापक डाक्टर बुद्धबहादुर थापा, टेलिभिजनका पूर्व अध्यक्ष तथा निर्देशन समितिका संयोजक वरिष्ठ अधिवक्ता बेनबहादुर पौडेल क्षत्री, टेलिभिजनका सल्लाहकार एवं नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य रामराज पोखरेल, सल्लाहकार रिता सेन वलीलगायतले बोलेका थिए ।

साधारणसभामा कोषाध्यक्ष अरुणकुमार श्रेष्ठले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । टेलिभिजनका उपाध्यक्ष गोपाल ज्ञवालीको स्वागत, सचिव जेबी गुरुङको सञ्चालन र सञ्चालक डोलराज बस्यालको धन्यवाद ज्ञापनमा कार्यक्रम सम्पन्न भएको थियो । साधारणसभामा अध्यक्ष ज्ञवालीको वार्षिक प्रतिवेदन र कोषाध्यक्ष श्रेष्ठको आर्थिक प्रतिवेदन सर्वसहमतिले पारित भएको सचिव जेबी गुरुङले जानकारी दिए ।

रूपन्देही सुपरलिगः

# लुम्बिनी खुकुरीको जित, प्रोफेसनलको हार




भैरहवा । रुपन्देही सुपरलिग क्रिकेट प्रतियोगितामा लुम्बिनी खुकुरी क्लबले प्रोफेसनल मास्टर्स-११ माथि सानदार दिए निकालेको छ । प्रतियोगिताअन्तर्गत 'ए' डिभिजनको सोमबारको खेलमा लुम्बिनी खुकुरीले प्रोफेसनललाई १ सय १८ रनको फराकिलो अन्तरले हराउँदै सानदार जित हात पारेको हो ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङ गरेको लुम्बिनी खुकुरीले निर्धारित ३० ओभरको खेलमा ५ विकेट गुमाएर १ सय ८५ रनको बलियो योगफल बनायो । उसको लागि प्रज्ज्वल थापा र शंकर रानाले अर्धशतकीय इनिङ खेले । थापाले ८४ रन बनाउँदा रानाले ७२ रन बनाए । यस्तै, निश्चल चौधरीले ११ रन बनाए । बलिङमा प्रोफेसनलका जयप्रताप यादवले २ तथा कृष्ण पराजुली, अख्तर हुसेन र करण साहनीले १-१ विकेट लिए ।

प्रोफेसनल मास्टर्सले जवाफी ब्याटिङ गर्दै १९ ओभर ५ बलमा ६७ रन बनाउँदा अलआउट भयो । उसलाई सस्तैमा रोक्न प्रोफेसनलका अजयकुमार चौहानले ४, सहदेश जिसी र आरिफ खानले २-२ तथा सेहजाद आलम र साहब आलमले १-१ विकेट लिए । प्रोफेसनलका इमरान खानले २२, अजय रसाइलीले १३ र तुसार चौहानले १० रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न नसक्दा टिमले लज्जास्पद हार ब्यहोर्यो । खेलमा प्रज्ज्वल थापा प्लेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ प्राप्त गरे ।

रुपन्देही क्रिकेट संघको आयोजना र सिद्धार्थनगर नगरपालिकाको सह-प्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले नगद १ लाख १ रुपैयाँ र उप-विजेताले ५० हजार १ रुपैयाँ नगदसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, हरेक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेष्ट बलर र उदयीमान खेलाडीले जनही ५ हजार रुपैयाँ पाउने संघका कोषाध्यक्ष तथा खेल संयोजक निरजप्रताप खाँणले जानकारी दिए ।

# बाढीबाट बचाउन गरिएको तटबन्धन कार्य रोकियो



**रामकुमार श्रेष्ठ**
*नवलपुर*

गत असोज ११ र १२ गते आएको बाढीले मध्यविन्दु नगरपालिकाका ३ सय बढी घर डुबानमा परे, हजार विगाहाभन्दा बढी जमिनका खेती नष्ट गर्यो, अझै पनि १५ घर बस्नै नमिल्ने अवस्थामा छ ।

अपत्यारिलो ढंगले आएको बाढीले यहाँ मानवीय क्षति नगरे पनि पशु चौपाया, माछा, कुखुरा गरेर करोडौंको क्षति भयो । यस्तो क्षति फेरि फेरि नहोस् भनेर डुवानबाट जोगाउन नारायणी नदी व्यवस्थापन आयोजना चितवनले नदी छिरेको स्थान मध्यविन्दु-२ को बलघट्टामा ड्याम लगाउने काम गरिरहेको थियो । ड्याममा ग्याबिन तार जाली लगाउने, ठूला ढुंगा किनारमा हाल्ने, कङ्क्रिटका ब्लकसहित ड्याम बनाउने लगायत काम गर्नका लागि चितवन राष्ट्रिय निकुञ्जले माघ १५ गतेसम्मको समय दिएको थियो । मध्यविन्दु नगरपालिकाका जनप्रतिनिधिहरुले यसलाई सहजीकरण गरेर काम अगाडि बढाइरहेका थिए ।

यति तट्बन्धन भए अर्को वर्षामा नारायणी नदीको बाढी गाउँमा नपस्नेमा स्थानीय बासिन्दा ढुक्क थिए तर म्याद सकिनु तीन दिनअघि स्थानीय केही व्यक्तिले धम्की दिएपछि काम रोकिएको मध्यविन्दु-२ का अध्यक्ष रामभक्त अधिकारीले बताए । चितवन राष्ट्रिय निकुञ्ज अमलटारी पश्चिम सेक्टरका संरक्षण अधिकारीले स्थलगत अवलोकन गरेर जागिरै खाने गरी धम्की आयो भनेपछि काम रोकिएको अध्यक्ष अधिकारीले बताए ।

विपतबाट जोगिने काममा कानुनी प्रक्रिया मात्रैभन्दा पनि कतिपय अवस्थामा व्यवहारिकतालाई पनि हेर्नु पर्नेमा त्यसो नगरिएको वडाध्यक्ष अधिकारीको भनाइ छ ।

वडा नं. २, ६, १२ र १५ का जनता र उर्बर भूमि जोगाउनका लागि ड्याम लगाउन लागिएको तर राष्ट्रिय खेलकुद परिषद् गण्डकी प्रदेशका सदस्य सचिव समेत रहेका स्थानीय श्रीधर शर्मा भट्टराईले एक्कासी अमलटारी पश्चिम सेक्टर र निकुञ्जमा फोन गरी धम्की दिएकाले काम रोकिएको वडाअध्यक्ष अधिकारीले बताए ।

चितवन राष्ट्रिय निकुञ्ज अमलटारी सेक्टरका संरक्षण अधिकृतलाई राती फोन गरेर धम्की दिएपछि आफ्नो जागिर नै जाने भयो भन्दै काम रोक्न निकुञ्जमा आग्रह गरेपछि निकुञ्जले काम रोकेको आरोप लगाइएको छ । तर शर्माले भने आफूले कसैलाई धम्की नदिएको भन्दै पुष्टि गर्न चुनौती दिए ।

उनले ड्याम निर्माणको काम नरोकिएको पनि दाबी गरे । राति आफूले महिला कर्मचारीलाई धम्की दिने जस्तो निन्दनीय कार्य नगरेको उनको दाबी छ ।

चितवन राष्ट्रिय निकुञ्जले भने स्थानीय सरोकारवाला निकायबिच समन्वय नभएको र गैरकानुनी हिसाबले काम गरिएकोले तत्काल काम रोक्न आग्रह गरेर शर्माले फोन गरेको बताएको छ ।

चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरले कानुनी प्रकृया नमिलाइ काम भएको भन्दै श्रीधर शर्माले सहजीकरण गर्न भन्दै फोन गरेका थिए । 'अख्तियारमा जाने भन्ने कुरा पनि आयो । मैले सबैलाई सहज हुने गरी जाने भनेर अहिले नारायणी किनारमा बिग बोल्डरको (ठूला ढुंगा बिच्छ्याउने) काम गर्ने तर ग्राभेल नगर्ने भनेको छु ।' - चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरले भने ।

सदस्य सचिव शर्माले संरक्षण अधिकृतलाई फोनै नगरेको दाबी गरेपनि संरक्षण अधिकृतले भने राती फोन गरेर काम अघि नबढाउन भनेको बताए । सदस्य सचिव शर्माले भने -'नारायणी नदी नियन्त्रण गर्ने काममा भएको अवरोधमा आफ्नो संलग्नता छैन । वडाध्यक्ष अधिकारीले आफूमाथि लगाएको आरोप भ्रामक हो ।'

काम कसले र किन रोक्यो भन्ने विषयमा एकले अर्कालाई आरोप प्रत्यारोप लगाइरहेको बेला स्थानीय बासिन्दाहरुको चिन्ता भने फरक छ । कतै यही बाहानामा काम रोकिएर वर्षा लाग्दासम्म पनि तट्बन्धन नहुने हो कि भन्ने चिन्ता स्थानीयमा देखिएको छ । स्थानीय बासिन्दा नारायणप्रसाद महतोले आम नागरिकलाई विपद्बाट जोगाउन गरिएको प्रयास अवरोध हुँदा प्रदेशदेखि संघीय सांसद कसैले पनि चासो नदिएको गरे ।

मध्यविन्दु २ का स्थानीय बासिन्दा नारायणप्रसाद थनेतले यति बेला तट्बन्धन नभए मध्यविन्दु ६, १५, १२ लगायत मध्यविन्दु नगरपालिकाको नारायणी तटीय क्षेत्रको आधा गाउँ बगरमा परिणत हुने बताए । गत असोज ११ र १२ गते आएको बाढीले नन्दपुर सेहेरीलगायतका ३०० बढी घर डुबानमा परेको थियो ।

मध्यविन्दु ३ का बासिन्दा डिल्लीराम थनेतको पनि गत असोस ११ र १२ गते आएको बाढीले घर खेत पुरै डुबान गरेको थियो । उनले आफू ४०/४५ वर्षको बिचमा अहिलेसम्म त्यस्तो डुबान भएको नदेखेको बताए ।

अहिले तट्बन्धन गरिरहेको ठाउँमा बेलैमा तट्बन्धन नसकिए यहाँका ४०० बढी घरहरु पुन डुबान र कटानमा पर्ने भन्दै चिन्तित छन् ।त्यसो त निकुञ्जले अहिले नारायणी नदीमा गोहीले अण्डा पार्ने सिजन भएका कारण नदीमा उत्खनन गर्न नपाउने कानुनी प्रावधान रहेका कारण देखाउँदै तत्कालका लागि काम रोकेको छ । तथापि तट्बन्धन रोक्नु तटीय क्षेत्रका बासिन्दाका लागि निक्कै घातक बन्न सक्छ । अहिले चलिरहेको तट्बन्धन नारायणी नदी व्यवस्थापन आयोजनाको अगुवाइमा भइसकेको काम हो ।

नारायणी नदी व्यवस्थापन आयोजना प्रमुख चन्द्रविक्रम सिंहले भने तत्काललाई काम रोकिए पनि फाल्गुन १५ गतेबाट काम सुरु हुने जानकारी दिए ।

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला भार्से गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, सत्यवती गा.पा. वडा नं. ०८, बस्ने श्री मन बहादुर पुनको नाति श्री धन राज श्रीसको छोरा श्रीमती हरि माया पुन भन्ने हिरा माया श्रीसको पति बर्ष ८५ को श्री कर्ण बहादुर श्रीस भन्ने कर्ण बहादुर पुन (नागरिकता नं. ६१९ जि.प्र.का गुल्मी मिति २०४२/०१/०४ मा जारी) को मिति २०८१/०४/२७ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०३८१३ मा भएको रकम भुक्तानी पाउँभनि निजको पत्नी श्रीमती हरि माया पुन भन्ने हिरा माया श्रीसले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री कर्ण बहादुर श्रीस भन्ने कर्ण बहादुर पुन (नागरिकता नं. ६१९ जि.प्र.का गुल्मी मिति २०४२/०१/०४ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपालएसबिआई बैंक लि.**
गुल्मीशाखा, गुल्मी
फोन ०७९-५२१०२९,
फ्याक्स ०७९-५२११९४

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला रिमुवा गा.वि.स. वडा नं. ०८ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, रुरुक्षेत्र गा.पा. वडा नं. ०६, बस्ने श्री नाम थाहा नभएकाको नाति श्री नर बहादुर सिंजालीको छोरा श्रीमती तुल्सी कुमारी सिंजाली र श्रीमती छुमा कुमारी सिंजालीको पति बर्ष ७६ को श्री भक्त बहादुर थापा भन्ने भक्त बहादुर सिंजाली (नागरिकता नं. १२८५२ जि.प्र.का गुल्मी मिति २०४५/०१/०९ मा जारी) को मिति २०८१/०७/१५ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०३२८६ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरी श्रीमती रमा राकसले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री भक्त बहादुर थापा भन्ने भक्त बहादुर सिंजाली (नागरिकता नं. १२८५२ जि.प्र.का गुल्मी मिति २०४५/०१/०९ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपालएसबिआई बैंक लि.**
गुल्मीशाखा, गुल्मी
फोन ०७९-५२१०२९,
फ्याक्स ०७९-५२११९४

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला घमिर गा.वि.स. वडा नं. ०७ स्थाई ठेगाना भई हाल रुपन्देही जिल्ला, बुटवल उ.म.पा. वडा नं. ११, बस्ने श्री नाम थाहा नभएकाको नाति श्री चंखे कामीको छोरा श्रीमती मनी सुनारनीको पति बर्ष ८५ को श्री पुर्ण बहादुर सुनार भन्ने पुने कामी (नागरिकता नं. २२१२ जि.प्र.का गुल्मी मिति २०४४/११/१२ मा जारी) को मिति २०८०/०८/२६ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३०३८७१ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री रामलाल सुनारले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री पुर्ण बहादुर सुनार भन्ने पुने कामी (नागरिकता नं. २२१२ जि.प्र.का गुल्मी मिति २०४४/११/१२ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपालएसबिआई बैंक लि.**
गुल्मीशाखा, गुल्मी
फोन ०७९-५२१०२९,
फ्याक्स ०७९-५२११९४

## निक्षेप उपर हकदावी गर्न आउने ३५ दिने सूचना

गुल्मी जिल्ला विरवास गा.वि.स. वडा नं. ०१ स्थाई ठेगाना भई हाल गुल्मी जिल्ला, गुल्मीदरवार गा.पा. वडा नं. ०४, बस्ने श्री नैना सिं रानाको नाति श्री शोविर रानाको छोरा श्रीमती देउ कुमारी रानाको पति बर्ष ७९ को श्री इम बहादुर राना भन्ने यम बहादुर राना (नागरिकता नं. २०७२ जि.प्र.का गुल्मी मिति २०४४/१०/२५ मा जारी) को मिति २०७९/०८/२९ गते मृत्यु भएकोले यस बैंकको गुल्मी शाखामा रहेको बचत खाता नं २०९१५२४०३००८८४ मा भएको रकम भुक्तानी पाउँभनि निजको छोरा श्री भिम बहादुर रानाले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावाला श्री इम बहादुर राना भन्ने यम बहादुर राना (नागरिकता नं. २०७२ जि.प्र.का गुल्मी मिति २०४४/१०/२५ मा जारी) नामको खातामा यस बैंकमा रहेको रकममा कसैको हकदावीभए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदाबीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदाबी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**नेपालएसबिआई बैंक लि.**
गुल्मीशाखा, गुल्मी
फोन ०७९-५२१०२९,
फ्याक्स ०७९-५२११९४

# नेप्से परिसूचक १० अङ्कले घट्यो



काठमाडौँ । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक सोमबार १० दशमलव ६१ अङ्कले घटेर दुई हजार छ सय ३३ दशमलव ३२ को बिन्दुमा कायम भएको छ ।

विभिन्न तीन सय १२ कम्पनीका एक करोड ७२ लाख ५३ हजार पाँच सय ७६ कित्ता शेयर ८७ हजार पाँच सय ६४ पटक खरिदबिक्री हुँदा रु आठ अर्ब ९२ करोड ४० लाख ६५ हजार आठ सय ८८ बराबरको कारोबार भएको छ ।

कारोबारमा बैंकिङ समूह शून्य दशमलव ५५, होटल तथा पर्यटन शून्य दशमलव ५१, लगानी शून्य दशमलव ७७, जीवन बिमा एक दशमलव १०, म्युचुअल फन्ड शून्य दशमलव ६४, निर्जीवन बिमा शून्य दशमलव ६७, व्यापार एक दशमलव ८३ र अन्य समूह एक दशमलव ६६ प्रतिशतले घटेको छ । अरु सबै समूहको उपसूचक बढेको छ ।

विकास बैंक समूह शून्य दशमलव ७२, वित्त तीन दशमलव ४६, जलविद्युत् शून्य दशमलव ३५, उत्पादन तथा प्रशोधन शून्य दशमलव ६७ र लघुवित्त शून्य दशमलव ०४ प्रतिशतले बढेको छ ।

न्यादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै घट्नेमा भने सप्तकोशी डेभलपमेन्ट लिमिटेडको शेयर मूल्य आठ दशमलव ४६ प्रतिशतले घटेको छ ।

कारोबार रमकका आधारमा सबैभन्दा धेरै सिन्धु विकास बैंक लिमिटेडको रु २९ करोड ८३ लाख ७९ हजार आठ सय १३ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने एनएमबी-५० को सबैभन्दा धेरै छ लाख ७५ हजार एक सय ५९ कित्ता शेयर किनबेच भएको छ ।

# ६ पालिकाबिच अन्तरपालिका छलफल सम्पन्न

**लक्ष्मण घिमिरे**
*अर्घाखाँची*

सिकाई आदानप्रदान तथा अन्तर पालिका सहकार्य गर्ने उद्देश्यसहित अर्घाखाँची र प्यूठानका ६ वटा पालिकाको बैठक बसेको छ । प्यूठानको ऐरावती गाउँपालिकाको आयोजनामा सम्पन्न बैठकमा प्यूठानका ऐरावती, मल्लरानी, माण्डवी र सरुमारानी गाउँपालिका तथा अर्घाखाँचीका भूमिकास्थान र शीतगंगा नगरपालिकाको सहभागिता रहेको थियो ।

बैठकमा अन्तरपालिकाको सडक विस्तार, उत्पादित वस्तु आदान प्रदान, उपलब्ध स्रोत साधनको प्रयोग र छिमेकी पालिकाहरु मिलेर संयुक्त आयोजनाहरु संचालन गर्ने विषयमा छलफल भएको हो । यस्तै अन्तरपालिकास्तरीय विपद् व्यवस्थापन तथा शान्ति सुरक्षालाई प्रभावकारी बनाउने विषयमा समेत छलफल भएको ऐरावती गाउँपालिका अध्यक्ष नविल विक्रम शाहले बताए ।

सिमाना जोडिएका पालिकाहरुबिच सहकार्य गर्ने उद्देश्यले आयोजना गरिएको बैठकमा १५ शैयाका अस्पताल सञ्चालन गर्ने, स्थानीय मदिरा ब्राण्डिङ गर्ने, करका दायरा वृद्धि गरेर आन्तरिक श्रोत वृद्धि गर्ने र बनेका संरचनाहरुको संरक्षण गर्नेलगायतका एक दर्जन विषयमा छलफल भएको शीतगंगा नगरपालिका प्रमुख छविलाल पौडेलले जानकारी दिए ।

६ पालिकाको संयुक्त बैठकमा अर्घाखाँचीको शीतगंगा नगरपालिकाका प्रमुख पौडेल, भूमिकास्थान नगरपालिकाका प्रमुख झविलाल थापा, प्यूठानको ऐरावती गाउँपालिका अध्यक्ष शाह, मल्लरानी गाउँपालिका अध्यक्ष कृष्णबहादुर खड्का, माण्डवी गाउँपालिका अध्यक्ष नवराज अधिकारी, सरुमारानी गाउँपालिका अध्यक्ष झक बहादुर विश्वकर्मा लगायतको उपस्थिति रहेको थियो ।

बैठकमा उपस्थित स्थानीय तहका प्रमुखहरुले संघ र प्रदेश सरकारले कानुन निर्माणदेखी बजेट विनियोजनमा पालिकाहरुलाई हेपेको गुनासो गरे । आफ्नो तहबाट काम नगरेर तल्लो तहको सरकारलाई पेलेको उनीहरुले बताएका छन् । जनतासँग प्रत्यक्ष जोडिएको स्थानीय सरकार उपल्ला तहका सरकारसँग भने जोडिन नसकेको उनीहरुको भनाइ छ ।

यस्ता बैठकले सिकाइका अवसरहरु प्रदान गर्नुका साथै अन्तरपालिका सम्बन्ध विस्तारमा सहयोग पुग्ने भूमिकास्थान नगरप्रमुख झविलाल थापाले बताए । आगामी बैठक अर्घाखाँचीमा बस्ने गरी सकिएको उनले बताएका छन् ।


## गण्डकी प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास तथा यातायात ब्यवस्था मन्त्रालय
# पूर्वाधार विकास निर्देशनालय
## पूर्वाधार विकास कार्यालय,
## नवलपरासी (बर्दघाट सुस्ता पुर्व), गण्डकी प्रदेश

# बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८१ /१०/१५)

यस कार्यालयबाट २०८१।०९।०५ मा राष्ट्रिय दैनिकमा तथा https://olpatra.gov.np.egp.मा प्रकाशित बोलपत्र आव्हानको सूचना बमोजिम बिभिन्न देहाय बमोजिमका ठेक्काहरुमा E–GP कथकतभ (www.bolpatra.gov.np.egp) मार्फत पेश हुन आएका बोलपत्रहरू मध्ये तपसिलमा उल्लेखित बोलपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुत रूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.स. | कार्यको विवरण | छनोट भएका बोलपत्रदाता | कबोल रकम (मु.अ.क. र पि.एस. समेत) NRs |
|---|---|---|---|
| 1 | Upgrading of different road of Madhyabindu Municipality 1,2,3&5, Contract ID : IDO-NAW(BSE)-W-NCB-22-2081/82 | M/S Annanda Nirman Sewa, Kathmandu | 93,13,591.12 |
| 2 | Upgrading of different road of Tribeni 7, Contract ID : IDO-NAW(BSE)-W-NCB-23-2081/82 | M/S Namita Construction and Suppliers, Baneshwor | 50,92,483.39 |


## सिमेन्टको...

डिजेलको पैसा भुक्तानी हुन सकेन् । ढुंगागिट्टी र बालुवा किनेको पैसा दिन सकिएन् ।

सरकारले दसैँमा भुक्तानी दिने भन्यो भुक्तानी गर्नुपर्ने ४० अर्ब छ । बजेट निकासा ५ अर्ब हुन्छ । अनि कसरी समस्या समाधान हुन्छ । लुम्बिनी प्रदेशमा दुई अर्ब भुक्तानी गर्न बाँकी छ ।

» ***भुक्तानीमा किन समस्या भयो ?***

स्रोत सुनिश्चित नगरी टेण्डर आव्हान भयो । व्यवसायीलाई काम गर्न भनियो । व्यवसायीले काम गऱ्यो तर भुक्तानी भएन् । सरकारको गलत नीतिको शिकार व्यवसायी भयौं । ठेक्का लिएपछि तोकिएको समयसीमाभित्र काम नभए सरकारले स्वतः कालोसूचीमा लैजाने नियम बनाएको छ ।

समयमा भुक्तानी नदिने सरकारले व्यवसायीलाई क्षतिपूर्तिको व्यवस्था गरेको छैन् । अहिले काम गरेर भुक्तानी पाइने हो कि होइन भनेर व्यवसायी त्रसित छन् । बजेटको स्रोत सुनिश्चित हुन्छ कि हुन्न हामीलाई थाहा हुन्न । यो शीर्षकमा बजेट छ कि छैन भनेर सोधेर टेण्डर हाल्नु पऱ्यो ।

राजनैतिक अस्थिरताले विकास निर्माणमा बेथिति भायो । एउटा सरकारको प्राथमिकता एउटा हुन्छ । अर्को सरकारको प्राथमिकता अर्कै हुन्छ ।

» ***अब सरकारले के गर्नुपर्ला ?***

समयमै टेण्डर निकाल्नु पऱ्यो । आवश्यक ढुंगागिट्टी, बालुवाको सहजीकरण सरकारी निकायबाट हुनुपऱ्यो । समयमै भुक्तानी दिनुपऱ्यो । निर्माण क्षेत्र राम्रो अवस्थामा जान्छ । विकास निर्माणको कामले एउटा लय लिन्छ ।

राष्ट्रिय गौरवका आयोजनामा झन समस्या छ । ठूलो मात्रामा आवश्यक माटो, बालुवा र ढुंगागिट्टी आवश्यक पर्छ । यो सामग्री कहाँबाट ल्याउने भन्ने विकल्प सरकारले दिनुपर्छ । बुटवल-गोरूसिंगे सडक निर्माण गर्दा ४ लाख घनमिटर माटो आवश्यक पर्छ भनिएको छ । यो सामग्री कहाँबाट ल्याउने हो, निश्चित हुनुपऱ्यो । निर्माण व्यवसायी भौतारिएर हिंड्नुपर्ने अवस्था आयो भने तोकिएको समयसीमामा काम हुँदैन ।

ठेक्का लाग्यो । बिजुलीको पोल, रूख पन्छाउने काम सरकारले बेलैमा नगर्ने प्रवृत्ति छ । अब बेलैमा यस्ता काम गरेर काम गर्ने वातावरण बनाउने काम सरकारको हो । तहगत सरकारबिच समन्वय गरी अघि बढ्नुपर्छ ।

निर्माण व्यवसायीका कमजोरी हटाउन सरकारले जसरी कानुनले बाँध्ने काम गरेको छ, निर्माण व्यवसायीलाई समस्या पर्दा अभिभावक बन्न सक्नुपर्छ सरकार । निर्माण व्यवसायी पलायन हुने अवस्था आयो भने आगामी दिनमा ठेक्का खुल्दा प्रतिस्पर्धा नै नहुने अवस्था आउने छ ।


# BinayiTribeni Rural Municipality
# Office of Rural Municipal Executive
## Nawalparasi (East of BardghatSusta), Dumkibas
## Gandaki Province, Nepal

**Date of publication: 2081/10/15, (28th ,Jan, 2025)**

1. Office of BinayiTribeni Rural Municipalityinvites electronic bids from eligible bidders for the following goods under Seal Quatation procedures.

| S.N. | Contract ID | Description of Goods | Estimate Amount | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Last Date of Bid submit | Bid Valid Period | Date of Pre-bid Meeting | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 18/BTRM/SQ/Goods/2081-082 | Procurement of Purchasing Essential Veterinary Drugs | 1240983.51 | 37230.00 | 1000.00 | 2081/10/30 (12th, Feb, 2025) Before 12:00 | 45 Days | 2081/10/22 (4th, Feb, 2025) at 1:00 PM | |
| Cost of Bidding Document in Bank | | Name of the Bank: Siddharth Bank LTD Dumkibas branch, Nawalparasi(East ) Name of Office: BinayiTribeni Rural Municipality, Nawalparasi (East) BinayiTribeniGaunpalika GA1.1 AantarikRajashwoKhata : 00815413078 | | | | | | | |
| Cost of Bid Security in Bank | | Name of the Bank: Siddhartha Bank LTD Dumkibas, Nawalparasi(East) Name of Office: BinayiTribeniRural Municipality, Nawalparasi(East) BinayiTribeniGaunpalika GA03 DharautiKhata. : 00815153326 | | | | | | | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office BinayiTribeni Rural Municipality, Nawalparasi (East of bardghat-susta), Dumkibas. Phone no.078-416185, 078-416182, website: www.binayitribenimun.gov.np.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

# कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

मिति २०७९/०४/१३ गते दर्ता नं. २९४८५१ मा दर्ता भएको टायल्स संसारप्रा.लि.को मिति २०८१/०५/२८ मा सम्पन्न विशेष साधारण सभा तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०५/२८ को निर्णय अनुसार कम्पनीको सम्पुर्ण दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने गरि उक्त कम्पनीको नाम बाथवेयर संसार प्रा.लि. (Bathware Sansar Pvt. Ltd.) कायम गरिएकोले सोहि व्यहोरा सम्बन्धित सवैको लागी सूचित गरिन्छ ।

# ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

# ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

# प्यूठान नगरपालिकामा २ हजार ५६४ किशोरीलाई एचपिभी खोप लगाइँदै



**राधिका भुसाल**
*प्यूठान*

राष्ट्रिय खोप कार्यक्रमअन्तरगत एचपिभी खोप अभियान २०८१ सञ्चालन हुने भएको छ । प्यूठान नगरपालिकाभित्रका किशोरीहरुलाई पाठेघर मुखको क्यान्सरविरुद्धको (एचपिभी) खोप लगाइने भएको हो । यहि माघ २२ गतेदेखि २९ गतेसम्म स्वास्थ्यकर्मीहरुले नगरक्षेत्रभित्रका विद्यालयमै पुगेर खोप लगाउँदै छन् ।

नगरपालिकाभित्रका निजी तथा सरकारी गरी २६ वटा विद्यालयका ६ देखि १० कक्षासम्म अध्ययनरत २५ सय ४८ र विद्यालय नजाने १० देखि १४ वर्ष उमेर समूहका १६ गरी २५ सय ६४ जनालाई एच.पि.भि. खोप लगाइने स्वास्थ्य शाखा प्रमुख गोविन्द घिमिरेले जानकारी दिए । अत्यन्तै समस्याको रुपमा रहेको पाठेघर मुखको क्यान्सरविरुद्धको खोप भएकाले सबै किशोरीहरुले अनिवार्य खोप लगाउनका लागि प्रमुख घिमिरेले अनुरोध समेत गरे । राज्यले यस पटक ७ देखि १० कक्षामा अध्ययन गर्ने किशोरीका लागि अभियान र ६ कक्षामा अध्ययनरत किशोरीका लागि भने नियमित खोप सञ्चालन गरेको उनले जानकारी दिए । नगरक्षेत्र भित्रका १० वटा वडा मध्ये सबैभन्दा धेरै वडा नं.८ मा ६ सय २३ र सबैभन्दा कम वडा नं.१ मा १ सय ३५ जना किशोरी रहेको तथ्यांक छ । यो खोप लगाएका ९८ प्रतिशत किशोरीहरुलाई निकट भविष्यमा पाठेघरको मुखको क्यान्सर नहुने तथ्य रहेको घिमिरेको भनाइ छ ।

प्यूठान नगरपालिकाको आयोजनामा सोमबार भएको पालिकास्तरीय खोप समन्वय समितिका पदाधिकारीका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । खोप अभियानलाई सफल पर्दै लक्ष्य अनुरुप परिणाम हासिल गर्न सबै क्षेत्रबाट सहयोग गर्नुपर्ने नगरप्रमुख विष्णु योगीले बताए । 'पछिल्लो समय सर्ने रोगभन्दा नसर्ने रोग बढ्दै गएको छ,' नगरप्रमुख योगीले भने-'अभाव र गरिवीले थिचेका देशहरुमा नसर्ने रोग वढि देखिन थालेको छ ।' नगर प्रवत्ता एवं प्यूठान नगरपालिका वडा नं. ३ का वडाध्यक्ष सुमनराज श्रेष्ठले नगरवासी जनसमुदायहरुको स्वास्थ्यप्रति नगरपालिका संवेदनशील रहेको बताउँदै खोप अभियानलाई सफल पार्न सबैले सहयोग गर्न अनुरोध समेत गरेका छन् ।

यो अभियान राष्ट्रव्यापी रुपमा यहि माघ २२ गते देखि फागुन ६ गतेसम्म सञ्चालन हुँदैछ ।

# व्यापार संघले गऱ्यो वार्षिक समीक्षा




बुटवल । व्यवसायीहरुका समस्या समाधानका लागि सरकारी तहमा पहुँच पुऱ्याउँदै सामाजिक सहकार्यको माध्यमबाट व्यवसायिक संस्थाहरुलाई जोडेर लैजान आग्रह गरिएको छ । आर्थिक क्षेत्रमा देखिएको मन्दी र त्यसले पारेको असरलाई न्यूनीकरण गर्दै व्यवसायिक गतिविधि चलायमान बनाउने कार्यक्रममा जोड दिन व्यवसायीहरुले नेतृत्वलाई सुझाव दिएका छन् ।

रुपन्देही व्यापार संघले बुटवलमा आयोजना गरेको आफ्नो वार्षिक समीक्षा कार्यक्रममा व्यवसायीहरुले वर्तमान बदलिंदो परिवेशमा कार्यक्रम र संस्थाका उद्देश्यहरुमा परिमार्जन गर्नु जरुरी रहेको बताउँदै संस्थागत सहकार्यमा जोड दिएका छन् ।

कार्यक्रममा बोल्दै संघका संस्थापक अध्यक्ष मोतीराज ज्ञवालीले व्यापार संघले आफ्नो स्थापनाका समयमा बोकेको लक्ष्य र उद्देश्यलाई पुरा गर्नका लागि तत्कालिन र दिर्घकालिक कार्ययोजना बनाएर अगाडि बढ्नु जरुरी भएको बताएका थिए । उनले वर्तमान कार्य समितिले आफ्नो वार्षिक समीक्षा गर्ने परिपाटीको सुरुवात गरेर व्यवसायी सदस्यहरुको सुझाव लिएकोमा धन्यवाद दिँदै संस्थाको हितविरुद्ध जाने छुट कसैलाई नभएको धारणा व्यक्त गरे ।

कार्यक्रममा संघका अध्यक्ष दिपकप्रसाद अधिकारीले आफू निर्वाचित भएर आएपछि गरेका कार्यक्रमहरुको बारेमा जानकारी गराउँदै आगामी दिनमा व्यवसायीहरुको हकहित र संस्थागत विकासका लागि नयाँ ढंगले अगाडि बढ्ने प्रतिबद्धा व्यक्त गरेका थिए ।

कार्यक्रममा संघका पूर्व अध्यक्षहरु शंकरप्रसाद भट्टराई, पदमप्रसाद श्रेष्ठ, श्रीकृष्ण पोखरेल, कृष्णप्रसाद घिमिरे, सल्लाहकार परिषद्का संयोजक तेजप्रसाद सुनार, माधव नेपाल, जोगलाल विकलगायत बोलेका थिए ।

कार्यक्रम संघका अध्यक्ष दिपकप्रसाद अधिकारीको अध्यक्षता, महासचिव फर्सुराम पन्थको सञ्चानल तथा वरिष्ठ उपाध्यक्ष प्रकाश ढकालको स्वागतमा सम्पन्न भएको थियो ।

**सामाजिक अपराध र हिंसा विरुद्ध एकजुट होऔं**

-अपराधमुक्त समाजका लागि कानूनी दायित्व निभाऔं,
-पीडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं ।
-हिंसा र अपराधका घटनालाई रोक्न सामुदायिक सचेतना फैलाऔं,
-महिला र बालबालिकाको सुरक्षामा ध्यान दिऔं ।
-सामाजिक अपराध र हिंसा विरुद्ध एकताबद्ध भएर आवाज उठाऔं ।
-अपराध भएको वा हुनसक्ने आशंका लागेमा तुरुन्त प्रहरीलाई खबर गरौं ।
समाजमा हुने विभेद, भेदभाव, अन्याय र अत्याचारको सबै मिलेर अन्त्य गरौं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**

**आकर्षक डिजाइन तथा छपाई**

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !**

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

**सम्पर्कः**
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

## Purbakhola Rural Municipality
## Office of the Rural Municipal Executive
**Purbakhola, Palpa**
**Lumbini Province, Nepal**

# Invitation for Online Bids

**Second Notice**

Date of publication: 2081/10/15(28Jan, 2025)

Purbakhola Rural Municipality Office, Purbakhola ,Palpainvites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following work under National Competitive Bidding system.

All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***Information to deposit the cost of bidding document in Bank:***

Name of the Bank: Global IME Bank Ltd., Purbakhola Palpa

Account No.:14604010000009

Account name: GA.1.1 AANTARIK RAJASWO KHATA PURBAKHOLA

Name of the Office: Purbakhola Rural Municipality Office, Purbakhola ,Palpa

Bid Validity Period:75 days.

(bidder's should submit Bid security through bank guarantee only)

| Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|
| RE/EGP/NCB/SQ/PRM/09/2081-82 | Ringneraha Koranga Aarkhaldanda Sadak Staraunnati Yojana | 997172.24 | 1000 | 26000 | 2081/10/30 12:00 Pm 1:00 Pm |
| RE/EGP/NCB/SQ/PRM/10/2081-82 | Jalpa Ward Karyalaya Bhaban Sabha Hall truss Nirman yojana | 999,239.85 | 1000 | 27000 | 2081/10/30 12.00 Pm 1:00 Pm |
| RE/EGP/NCB/SQ/PRM/11/2081-82 | Samjhana Youba club Tallo Lakuri Khelmaidan Nirman Yojana | 999,194.09 | 1000 | 27000 | 2081/10/30 12.00 Pm 1:00 Pm |

Chief Administrative Officer
Purbakhola Rural Municipality Office

## Gandaki ProvincialGovernment
## Ministry of Physical Infrastructure Development and Transport Management
## Infrastructure Development Directorate
## Infrastructure Development Office
## Nawalaparasi (BardaghatSusta East)

# Invitation for Bids

**Date of publication: 2081-10-15 BS**

Infrastructure Development Office, Nawalparasi (Bardaghat Susta East) invites online bids only under e-procurement system from eligible bidders for the construction of Projects mentioned below under National Competitive Bidding/Sealed Envelope Single Stage Single Envelope procedures. All other information and Bid Document can be downloaded from PPMO's Website www.bolpatra.gov.np/egp or may obtain at office. All eligible bidders are requested to submit only E-Bid as per instructions within the

| S.N. | Name of Project | Contract ID | Estimated Cost (Excluding VAT and PS )(NRs.) | Bid Document fee | Last date of bid submission | Bid Security (NRs |
|---|---|---|---|---|---|---|
| 1 | Balmiki chakrapath starunati (punarbash margadekhi suru garni) Devchuli-14, Nawalpur | IDO-NAW(BSE)-W-NCB-28-2081/82(re) | 25,33,921.25 | 3000 | 2081-10-30 12:00 PM | 65,000 |
| 2 | Upgrading of different road of Gaidakot Municipality 1 ,5 & 9 | IDO-NAW(BSE)-W-NCB-32-2081/82(re) | 37,77,136.12 | 3000 | 2081-10-30 12:00 PM | 1,15,000 |

Information to deposit the cost of bidding document in Bank:
Name of the Bank:- Rastriya Banijya Bank Ltd.
Name of Office: - Infrastructure Development Office, Kawasoti, Nawalparasi ( Bardaghat Susta East)
Office Code no. :- 3370146014
Office Account no(Rajaswa).: - 1000100200010000
Rajaswa (revenue) Shirshakno. : 14229

**Chief Administrative Officer**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com